**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १० गते शनिबार ❑ 26 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'राजनीतिमै सक्रिय भइ मुलुक र नागरिकको सेवामा समर्पित हुने'

**रासस**
पोखरा, ९ साउन

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो मातृपार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) रही मुलुक र नागरिकको सेवामा समर्पित हुने बताउनुभएको छ।

शुक्रबार यहाँ पत्रकार भेटघाटमा पूर्वराष्ट्रपति भण्डारीले आफूले जननेता मदन भण्डारीबाट एमालेको सदस्यता प्राप्त गरी शपथ लिएको उल्लेख गर्दै पार्टीको निर्णयबमोजिम राष्ट्रपतिबाट जिम्मेवारी पूरा गरी पुनः एमालेमा मै फर्किएको बताउनुभयो।

"म राजनीति गरेरै राष्ट्रपति पदमा निर्वाचित भएकी हुँ र बाँकी जीवन पनि राजनीतिमा समर्पित गर्नेछु", उहाँले भन्नुभयो, "मलाई कुनै पदप्रति लालसा, महत्वाकाङ्क्षा र आशक्ति छैन, मैले राष्ट्रकै सर्वोच्च पदमा पुगेर इतिहासमा आफ्नो नाम लेखिसकेकी छु।"



पूर्वराष्ट्रपति भण्डारीले आफूलाई पार्टी सदस्य हुनबाट वञ्चित गर्नुपर्ने कुनै कारण नभएको समेत बताउनुभयो। एमालेको हालै सम्पन्न नवौँ केन्द्रीय कमिटी बैठकले पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा फर्कन नमिल्ने भन्दै पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय गरेको थियो।

पूर्वराष्ट्रपति भण्डारीले मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) प्रति एमालेका नेता, कार्यकर्ता र जनसङ्गठनमा आबद्ध सबैको गहिरो आस्था, विश्वास र निष्ठाले नै आज पार्टीले सफलता हासिल गरेको बताउनुभयो।

"पार्टीलाई वैचारिक रूपले थप सशक्त, साङ्गठनिक ढङ्गले अझ एकताबद्ध र सुदृढ बनाउनुपर्ने दायित्व हाम्रै हो। जननेता मदन भण्डारीको विचारलाई कार्यान्वयन गरेर मुलुकलाई समुन्नत बनाउन सकिन्छ", उहाँले भन्नुभयो।

## घट्टेखोला-धम्पुस-खानीगाउँ सडक निर्माणको गण्डकीका भौतिक मन्त्री केसीले गरे शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन




कास्कीको माछापुच्छ्रे गाउँपालिका-७ घट्टेखोला-धम्पुस-खानीगाउँ सडक निर्माणको शिलान्यास गरिएको छ। नेपाल सरकार र एसियाली विकास बैंकको सहयोगमा निर्माण हुन लागेको उक्त सडकको गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले शुक्रबार शिलान्यास गरे।

गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत ग्रामिण सडक सञ्जाल सुधार आयोजनाबाट कार्यान्वयन भइरहेको उक्त सडक २ वर्षभित्र निर्माण सक्ने गरी २)८१ फागुन २१ मा सम्झौता भएको थियो। सडक निर्माणका लागि एमएस इकेके-एमसिएसपीएल-बिबि। आर जेभिले ३) करोड १८ लाखमा सम्झौता गरेको छ। सडकको शिलान्यास गर्दै मन्त्री केसीले निर्माणको गुणस्तरमा कुनै सम्झौता नगर्न निर्माण व्यवसायीलाई सचेत बताए। सडक निर्माण कार्य पर्यटकीय क्षेत्रसँग जोडिएको हुनाले यो परियोजना स्थानीय अर्थतन्त्र, रोजगारी, तथा सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पार्ने मन्त्री केसीको विश्वास छ। 'समयमै गुणस्तरीय रूपमा कार्य सम्पन्न गर्न, काम निरन्तर अघि बढाउन, निर्माणस्थलको नियमित अनुगमन गरि समयमै आयोजना सम्पन्न गर्ने वातावरण तयार गर्न, हाम्रो कार्यालय, निर्माण व्यवसायी र स्थानीय तहलाई विशेष आग्रह गर्दछु,' उनले भने। यो आयोजनाले माछापुच्छ्रे गाउँपालिका आसपासका क्षेत्रमा यातायात सेवा विस्तार गरी सामाजिक, आर्थिक, पर्यटकीय, स्वास्थ्य र शैक्षिक क्षेत्रमा बहुआयामिक भूमिका खेल्ने मन्त्री केसीले उल्लेख गरे।

सडकको लम्बाई १३।३ किलोमिटर रहनेछ। पहिलो ७ किलोमिटरसम्म अस्फाल्ट पिच र बाकी सडकमा डिबिएसटी प्रविधिबाट पिच गरिने ग्रामिण सडक सञ्जाल सुधार आयोजना प्रमुख लक्ष्मीप्रसाद भण्डारीले जानकारी दिए।

निर्माण कम्पनिका प्रतिनिधि अनिल घिमिरले आजैदेखि निर्माण सुरु हुने र समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरे। उनले सडक निर्माणमा स्थानीयको सहयोग अपरिहार्य रहेको उल्लेख गरे। शिलान्यास कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङ, माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङ, उपाध्यक्ष सिता अधिकारी, भौतिक मन्त्रालयका सचिव कमलकुमार अधिकारी, पूर्वाधार विकास निर्देशनालयका महानिर्देशक दिनेशकुमार घिमिरेसहितका स्थानीय अगुवाहरुको उपस्थिति रहेको थियो।

## संघीयता बलियो बनाउन कर्मचारीको महत्वपूर्ण भूमिका हुन्छ : मन्त्री न्यौपाने

**पोखरापत्र संवाददाता**
दमौली, ९ साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले सङ्घीयता बलियो बनाउन कर्मचारीको महत्त्वपूर्ण भूमिका हुने बताउनुभएको छ।

तनहुँको देवघाट गाउँपालिकाले शुक्रबार आयोजना गरेको स्वागत एवं सम्मान कार्यक्रममा मन्त्री न्यौपानेले सङ्घीयता सुदृढ र बलियो बनाउन कर्मचारीको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो। मन्त्री न्यौपानेले सङ्घीय निजामती ऐन चालु संसद् अधिवेशनमा पारित हुने बताउनुभयो। मन्त्री न्यौपानेले मन्त्रालयले कर्मचारी सरुवासम्बन्धी मापदण्ड बनाउँदै गरेको बताउँदै गुनासो सुनुवाइ संयन्त्र स्थापना गरिसकेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "निजामती ऐन आइसकेपछि धेरै समस्या समाधान हुनेछन्। त्यसलाई छिटो जारी गर्नुपर्छ भनेर सरकार त्यही ढङ्गबाट अगाडि बढेको छ।"



मन्त्रालयका छ वटा महाशाखा र १९ वटा शाखामा भइरहेका समस्याको बारेमा आफूले जानकारी लिएको बताउँदै त्यसलाई क्रमशः समाधान गर्दै लगिने मन्त्री न्यौपानेले बताउनुभयो।

तीन तहको सरकारबीच समन्वय र सहकार्यबाट मात्रै देश विकास सम्भव रहेको बताउँदै मन्त्री न्यौपानेले सङ्घीयता सुदृढ गर्नुको विकल्प नरहेको चर्चा गर्नुभयो। देशका सबै स्थानीय तहमा भइरहेको कर्मचारीको समस्या समाधानका लागि आफू प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। मन्त्री न्यौपानेले देवघाट ऐतिहासिक एवं धार्मिक गन्तव्यस्थल भएकाले यसको विकासका लागि सङ्घीय सरकारले ध्यान दिने प्रतिबद्धता जनाउनुभयो। त्यसक्रममा देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले स्थानीय तहमा कर्मचारीको अभाव हुँदा काम गर्न समस्या भइरहेको बताउनुभयो।

## संघीयता बलियो बनाउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने

**पोखरापत्र संवाददाता**
दमौली, ९ साउन

गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले सङ्घीय सरकारले आवश्यक ऐन नियम बनाउने अधिकार नदिँदा सङ्घीयता जनतामाझ लोकप्रिय हुन समय लागेको बताउनुभएको छ।

संसदीय पत्रकार मञ्च गण्डकीका नवनिर्वाचित


बाँकी अन्तिम पृष्ठमा ▶▶


## निराशलाई आशामा बदल्न कटिबद्ध छौँ : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ९ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीको ध्यये नै जनताको आवाज सुन्ने, चाहना पूरा गर्ने र सुशासनको माध्यमबाट आर्थिक रुपमा समृद्ध नेपाल निर्माण गर्ने रहेको बताउनुभएको छ।

राष्ट्रिय विभूति भीमसेन थापाको २५१औँ जयन्तीको अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै यही शासन प्रणालीबाट नै हामीले हाम्रा पूर्खा र इतिहासले सुम्पिएको दायित्व पूरा गर्न सक्ने छौँ भन्नुभयो। उहाँले भन्नुभयो, "इतिहासका अनेकौँ कालखण्डबाट गुज्रँदै हाम्रो देश अहिले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणाली अङ्गालेर अघि बढ्दैछ। वास्तवमा यो शासन प्रणालीको ध्येय भनेको जनताको आवाज सुन्ने, जनताको चाहना पूरा गर्ने र सुशासनका माध्यमबाट आर्थिक रुपमा समृद्ध नेपाल निर्माण गर्ने नै हो। यसबाट नै हामीले हाम्रा पुर्खा र इतिहासले सुम्पिएको दायित्व पूरा गर्न सक्छौँ। हामी सबैको ध्यान त्यसतर्फ केन्द्रित होस् भन्न चाहन्छु।" राष्ट्रपति पौडेलले षड्यन्त्रै षड्यन्त्रको अभिशप्त इतिहासलाई बदल्नुपर्ने सोचसहित आफूले लेख लेखेको स्मरण गर्दै भन्नुभयो, "हामी अहिले अभिशप्त इतिहास बदलेर एउटा निष्कपट, खुला र उन्नतशील समाजबाट नेपाललाई डोऱ्याउन कटिबद्ध छौँ। त्यसैले निराश हुन ज़रूरी छैन।"

राष्ट्रपति पौडेलले इतिहासको जगमा वर्तमान खडा हुने भन्दै वर्तमानको जगमा भविष्यको आधारशीला तय हुने भएकाले वीर पूर्खाहरूको त्याग, बलिदान र बुद्धिमत्तापूर्ण कार्यबाट नै अहिले हामी यहाँसम्म आइपुगेको स्पष्ट पार्नुभयो। उहाँले मुलुकको सार्वभौमसत्ता राष्ट्रिय अखण्डता र स्वतन्त्रताको रक्षाको खातिर आफ्नो जीवनको आहुति दिएका राष्ट्रिय विभूति भीमसेनथापानेपालकोइतिहासमा उच्चकोटिका राजनीतिज्ञ भएको पनि बताउनुभयो। उहाँले दक्षिण एसियामा प्रभाव जमाउँदै आएको औपनिवेशिक साम्राज्य शक्तिलाई परास्त गर्दै मुलुकलाई पराधीन हुनबाट थापाले जोगाएको स्मरण गनुभयो। राष्ट्रपति पौडेलले भीमसेन थापाको राष्ट्रप्रतिको प्रेम, प्रशासनिक क्षमता र राजनीतिक दूरदर्शिताको कारणले नै नेपाल स्वतन्त्र र अटल रुपमा रहन सकेको हो भन्दै आर्थिक, प्रशासनिक, सैनिक, सामाजिक सुधारलगायत राष्ट्रको हित, प्रगति र विकासका लागि गर्नुभएको योगदान सदैव सराहनीय रहेको बताउनुभयो।

थापाले आर्थिक, प्रशासनिक, सैनिक, सामाजिक सुधारलगायत राष्ट्रको हित, प्रगति र विकासको लागि गर्नुभएको योगदान सदैव सराहनीय छ। त्यसैले नेपालको इतिहासमा भीमसेन थापाको स्थान उच्च रहेको स्पष्ट हुन्छ", उहाँले भन्नुभयो। राष्ट्रपति पौडेलले सो अवसरमा कूटनीतिज्ञ डा भेषबहादुर थापालाई यसवर्षको भीमसेन थापा पुरस्कार प्रदान गर्नुभयो।

## संयुक्त सरकारले विकासको लहर ल्याएको छ : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, ९ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारले देशमा विकासको लहर ल्याएको बताउनुभएको छ।

महोत्तरी जिल्लाको मटिहानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपाली कांग्रेस र नेकपा (एमाले)जस्ता मुलुकका दुई ठूला राजनीतिक पार्टी मिलेर बनेको वर्तमान सरकार विकास र सुशासनका पक्षमा अहोरात्र खटेको बताउनुभयो।

उहाँले एमाले, कांग्रेस, लोसपा, जनमतसहितको वर्तमान संयुक्त सरकारले स्पष्ट नीति तथा कार्यक्रमसहित देशको तराई-मधेस, पहाड, हिमाल सबै क्षेत्रलाई समेटेर विकास निर्माणसहित देश र जनताका पक्षमा काम गरिरहेको स्पष्ट गर्नुभयो। प्रधानमन्त्री ओलीले राजनीतिक स्थिरतासहित विकास र सुशासनका लागि बनेको वर्तमान सरकारले शिक्षा, स्वास्थ्य, सडकलगायत आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रलाई विशेष प्राथमिकता दिएसँगै विकास निर्माणका काम द्रुतगतिमा अघि बढी उल्लेखनीय


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विपी स्मृति दिवसमा विपन्न परिवारलाई काँग्रेसको घर उपहार

श्रीकृष्ण सिग्देल
पोखरा, ९ साउन

बिरुवा गाउँपालिका वडा नं. ५ किचनासकी एकल महिला नानीमाया बिक नेपाली काँग्रेस बिरुवा गाउँकार्यसमितिको सहयोगमा निर्माण भएको नयाँ घर बस्न पाउने भएकी छन् । आर्थिक अभावका कारण वर्षौंदेखि छाना चुहिने जिर्ण घरमा बस्न बाध्य भएकी बिक अब काँग्रेसले बनाईदिएको नयाँ घरमा बस्न पाएपछी खुसी भएकी छन् ।



नेपाली काँग्रेस बिरुवा गाउँकार्य समितिको अगुवाईमा निर्माण भएको घर वीपी स्मृतिको सन्दर्भ पारेर हस्तान्तरण गरिएको छ । नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले एक कार्यक्रमका बिच बिकलाई घरको चापी हस्तान्तरण गरेर बुझाए । बिकले नयाँ घरमा बस्न पाएपछि खुसी व्यक्त गर्दै सहयोगी सबैलाई धन्यवाद दिएकी छन् । विगतमा आर्थिक अभावका कारण घर बनाउन नसकेको उनको भनाइ छ । धेरै वर्षदेखि भत्किन लागेको पुरानो घरमा बस्न बाध्य थिए उनले भनिन, 'विगत लामो समयदेखि पुर्ख्यौली घरमा बस्दै आएकोमा घर पुरानो भएर भत्किन लागेपछि समस्या भएको थियो ।' अब भने काँग्रेसले नयाँ घर बनाइदिएपछि पहिले जस्तो दुःख नरहेको उनीको भनाइ छ । घरको चापी हस्तान्तरण गर्दै सभापति थापाले आफ्नै लगानीमा घर बनाउन नसक्नेहरुलाई घर बनाईदिने योजना स्याङ्जा काँग्रेसको रहेको बताए । २०४८ सालदेखि जनताको सुखदुखमा लागेको पार्टी नेपाली काँग्रेस साच्चिकै गरीबको जगेर्ना गर्ने पार्टी भएको सभापति थापाले दावी गरे । बिरुवामा जस्तै भीरकोटमा पनि नेपाली काँग्रेसले विपन्न माझी परिवारलाई नयाँ घर निर्माण गरिदिएको छ । नेपाली काँग्रेस भीरकोट नगरकार्यसमितिले वडा नं. ६ को चिउरेनीमा प्रेम माझीको परिवारका लागि नयाँ घर बनाइदिएको हो । यो घर आगामी भदौ २४ गते वीपी जयन्तीको अवसरमा हस्तान्तरण गरिने भीरकोट नगर सभापति यामप्रसाद अधिकारी (लक्ष्मण) ले बताए । उनका अनुसार पक्की जस्तापाताले छाएको बरन्डासहितका दुई कोठे घर निर्माण गरिएको छ ।

काँग्रेसले नयाँ घर बनाइ दिएपछि यहाँको माझी परिवार हर्षित भएका छन् । यसअघि उनीहरु पौवामा बस्दै आएका थिए । ३ लाख ५० हजार रुपियाँ खर्च गरी बिरुवामा नानीमाया विकको घर निर्माण गरिदिएको नेपाली काँग्रेस बिरुवाका सभापति डोलराज पोखेलले बताए । आर्थिक अवस्था कमजोर भएको परिवारलाई समाजिक सेवाभावले सहयोग गरेको पोखेलको भनाई छ । गत साउन ६ गते विपी स्मृति दिवसको अवसर पारेर काँग्रेसले नानीमायालाई नयाँ घर हस्तान्तरण गरेको हो । दुई कोठा र शौचालय सहितको घर झण्डै ८ महिना लगाएर काँग्रेसका कार्यकर्ताहरुले निर्माण गरेका हुन् । साउन ६ गते स्याङ्जा काँग्रेसले जिल्लाभर वीपी स्मृति दिवस मनाउन आग्रह गरेको थियो । नेपाली काँग्रेस स्याङ्जाले वीपी स्मृतिकै दिवसमा फेदिखोलामा रहेको अमोर सेवा नेपाल नामक संस्थाले संचालन गर्दै आएको बालगृहमा समेत सहयोग गरेको थियो । यसैविच ४३ औं विपी स्मृति दिवसमा स्याङ्जाको वालिङमा नेपाली कांग्रेस वालिङ नगर समितिको आयोजनामा विपीचोकमा विचार गोष्ठि आयोजना गरेर मनाइएको छ । विपीको शालिकमा माल्यार्पण गर्दै गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति एवम् कांग्रेस नेता भोजराज अर्यालले महामानव वीपी कोईरालाको नीति तथा सिद्धान्त अझै पनि ताजै रहेको र देश तथा विदेशमा वीपीको सिद्धान्तहरु कार्यान्वयन भईरहेको बताए । वीपीको मेलमिलाप नीति अन्तराष्ट्रिय स्तरमा समेत कार्यान्वयन भएको भन्दै नेपाली कांग्रेसले विपीको सिद्धान्त भुल्न नहुँने भन्दै विपीले मार्गनिर्देश गरेको बाटोमा नेपाली कांग्रेस अगाडि बढ्नुपर्ने बताए ।

# कास्कीमा दुग्ध उत्पादक किसानलाई अनुदान

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

कास्कीमा गत आर्थिक वर्ष २०८१/८२ मा उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रमअन्तर्गत दुग्ध उत्पादक किसानलाई रु दुई करोड चार लाख ९२ हजार अनुदान वितरण गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीले दूध उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रमअन्तर्गत पहिलो चरणमा प्रतिलिटर रु पाँच र दोस्रो चरणमा प्रतिलिटर रु तीनका दरले अनुदान दिएको हो ।

व्यावसायिक किसानले उत्पादनका आधारमा अनुदान पाएका पशु सेवा विज्ञ केन्द्रका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत शम्भुराज पाण्डेले बताउनुभयो । उहाँका अनुसार जिल्लाका दुग्ध उत्पादक किसानले समूह तथा सहकारी संस्थाबाट प्रदेश सरकारले दिएको अनुदान रकम पाएका हुन् । उहाँका अनुसार कार्यालयले अनुदानका लागि आह्वान गरेकामा २६ वटा सहकारी संस्था छनोट भएका थिए । सहकारीका माध्यमबाट किसानलाई अनुदान रकम वितरण गरिएको थियो ।

कूल ५१ लाख १४ हजार नौ सय ६३ लिटर दूधमा अनुदान दिइएको कार्यालयले जनाएको छ । उत्पादनका आधारमा दिइने अनुदान वास्तविक कृषिकसम्म पुग्ने र अनुदानको दुरुपयोग हुन नपाउने भएकाले यसप्रति किसानको आकर्षण बढेको पशु विकास अधिकृत पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "उत्पादन गरेका आधारमा सरकारी अनुदान पाउनुपर्दछ, भन्ने किसानको माग हो । जसले बढी उत्पादन गर्छ, उसैले सरकारबाट बढी अनुदान रकम पाउने गरी प्रोत्साहन कार्यक्रम ल्याएका हौं । उत्पादन गर्न यस कार्यक्रमले सहयोग पुगेको छ ।"

गण्डकी प्रदेश सरकारले पाँच वर्षदेखि किसानलाई दूध उत्पादनमा अनुदान रकम दिँदै आएको छ । अनुदान पाउनका लागि किसानले सहकारी संस्थामार्फत दूध बिक्री गर्नुपर्ने व्यवस्था गरिएको छ । सरकारले दिने अनुदान किसानले चौमासिक रूपमा प्राप्त गर्दछन् ।

# दोस्रो पर्वतीय दौड प्रतियोगितामा नेलम्बो नेपालको सहकार्य

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

विश्व पर्यटन दिवसको अवसरमा आउँदो असोज ४ गते हुने दोस्रो संस्करणको पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगितामा नेलम्बो नेपालले पनि सहकार्य गरेको छ ।

उक्त प्रतियोगिताका लागि नेलम्बो नेपालले मेडिकल सहयोग सहित तेस्रो पुरस्कार प्रायोजन गर्ने भएको हो । नेलम्बो नेपालले उक्त प्रतियोगितालाई सफल पार्न प्रतियोगिताको दिनमा आवश्यक मेडिकल टिमसहित हेल्थडेक्स राख्ने र तेस्रो पुरस्कार बापत १५ हजार रुपैयाँसमेत सहयोग गर्ने संस्थाका अध्यक्ष एकदेव देवकोटाले जानकारी गराउनु भयो । पोखरा क्लिकका अध्यक्ष दीननाथ बराल र नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटा बीच उक्त सम्झौतामा हस्ताक्षर भएको हो । पहिलो संस्करणबाटै प्रतियोगितामा जोडिन पाउँदा निकै खुसी लागेको अध्यक्ष देवकोटाले बताउनु भयो ।

नेलम्बो नेपालले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गर्दै आएको बताउँदै उनले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर नै पोखरा क्लिकसँग सहकार्यका लागि सम्झौता गरिएको जनाउनु भयो । उक्त प्रतियोगितामा नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय, पोखरा २ को सहकार्य रहेको छ । प्रतियोगिताको अफिसियल मिडिया पार्टनरमा सिटीवान टेलिभिजन रहेको छ ।

होटल मुस्ताङ लेते एण्ड थकाली किचन, परिचय एड् भर्टाइजिङ लगायतको सहयोग रहेको प्रतियोगिताका लागि आगामी भदौं पहिलो सातादेखि अनलाइन फर्ममार्फत् धावकले नाम दर्ता गर्न सक्ने व्यवस्थापक सागर सुनारले बताउनु भयो ।

# लामा अमृत फाउण्डेशनद्धारा शैक्षिक तथा खेलकुद सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

लामा अमृत फाउण्डेशनले घान्द्रुकको श्री जनप्रिय आधारभुत विद्यालयमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरेको छ ।

फाउण्डेशनका संस्थापक अमृत लामा गुरुङले कास्कीको अन्नपूर्ण गाउँपालिक-१० किम्चे स्थित जनप्रिय आधारभुत विद्यालयमा शुक्रबार एक कार्यक्रमको आयोजना गरि विद्यार्थीहरुलाई शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरेका हुन् । फाउण्डेशनका संस्थापक गुरुङले ६५ जना विद्याथौहरुलाई शैक्षिक सामाग्री र विद्यालयलाई डष्टविन र एक थान भलिबल सहयोग गरेका हुन् । शैक्षिक सामाग्री हस्तान्तरण पछि बोल्दै फाउण्डेशनका संस्थापक गुरुङले सामाजिक कार्यमा जोडिने उद्धेश्यसहित विद्यालयहरुमा शैक्षिक सामाग्री सहयोग गर्दै आएको बताए । 'सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको फाउण्डेशनले घान्द्रुक लगायत विभिन्न जिल्लाका विद्यालयमा शैक्षिक सामागी सहयोग गरि सकेको छ, संस्थापक गुरुङले भने, 'केही दिन अगाडि पोखरामा क्लबस्तरीय भलिबल सम्पन्न भइसकेको छ, यसपछि आज यस विद्यालयमा



शैक्षिक तथा खेलकुद सामाग्री सहयोग गर्ने अवसर पाएको छु, सहयोगका लागि सहयोग गर्नुहुने सबैलाई धन्यवाद समेत दिन चाहान्छु ।' संस्थापक गुरुङले शैक्षिक गुणस्तर सुधारमा शिक्षक मात्र नभएर स्थानीयहरुले समेत चासो देखाउन सके गाउँमै गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने बताए । 'शिक्षा नै जीवनको महत्वपूर्ण खुड्किला हो, शैक्षिक गुणस्तरमा ध्यान दिन विद्यालयका शिक्षक मात्र हैन स्थानीयहरुले पनि चाँसो देखाउन आवश्यक छ, उनले भने, 'गाउँकै विद्यालयमा गुणस्तरीय शिक्षाका लागि फाउण्डेशन मार्फत सक्रियता बढाएको छु, अबको परिवर्तन शिक्षाले मात्र दिन सक्छ त्यसैले शिक्षामा सबैले ध्यान पुऱ्याउन आवश्यक छ ।' विद्यालयका प्रधानाध्यापक बैकुण्ठ दाहालले यस सहयोगले विद्यार्थीहरुको अध्ययनमा हौसल थपिएर जाने बताए ।

'हाम्रो विद्यालयले आधारभुत तहमा पालिकामा नै उत्कृष्ट नतिजा निकाल्दै आएको छ, विद्यालयमा स्रोतका कमीका कारण केही समस्या छ, पालिकाले पनि छात्रावृत्ति लगायत विभिन्न शिर्षकमा सहयोग गर्दै आएको छ, प्रधानाध्यापक दाहालले भने, ' लामा अमृत फाउण्डेशन घान्द्रुकले गरेको सहयोगले विद्यार्थीहरुको अध्ययनमा अझै हौसला बढेर जाने विश्वास लिएको छु ।' फाउण्डेशनले यसअघि लमजुङ र घान्द्रुकको विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्रीसँगै पोशाक वितरण गरेको छ । फाउण्डेशन शैक्षिक, सामाजिक र खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको छ ।

## संयुक्त ...

उपलब्धि हासिल भएको बताउनुभयो । एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले आगामी निर्वाचनसम्म दुई ठूला राजनीतिक दल सम्मिलित सरकारको विकल्प नरहेको स्पष्ट गर्नुभयो । उहाँले महोत्तरीको मटिहानीको विग्ही नदीमा बनेको पुल उद्घाटन भएसँगै यस क्षेत्रका जनतालाई जनकपुरसँग जोड्न तथा स्थानीय व्यापार व्यवसाय, उद्योग, कलकारखाना, शिक्षा, स्वास्थ्य सबै क्षेत्र लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । यसैगरी, मटिहानीको वडा नं ६ मा निर्मित प्रसूति गृहबाट यस क्षेत्रका गर्भवतीले प्रसूति सेवा पाउने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "प्रसूति गृह उद्घाटन भइसकेकाले अब मटिहानीसहित आसपासका गर्भवती तथा नवजात शिशुले उपचारको अभावमा मृत्युवरण गर्नुपर्ने छैन ।" कार्यक्रममा लोसपा अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललगायत वक्ताले मधेस प्रदेशमा रहेको पानीको समस्या दिगो रुपमा समाधान गर्न संयुक्त प्रयास हुनुपर्नेमा जोड दिनुभयो ।

## संघीयता ...

पदाधिकारी एवं सदस्यहरुको पदस्थापन कार्यक्रमलाई आज पोखरामा सम्बोधन गर्दै सभामुख धितालले सङ्घीयतालाई जनतामाझ प्रभावकारी बनाउन सञ्चारकर्मीको भूमिका त्यतिकै महत्वपूर्ण रहने बताउनुभयो ।

जनताको घरदैलोमा पुगेर जनताको काम गर्ने सङ्घीय सरकारलाई बलियो बनाउँदै लैजानुपर्नेमा उहाँको जोड छ । संसद्को समाचार लेख्ने सञ्चारकर्मीले गण्डकी प्रदेशसभामा हुने गतिविधिसम्बन्धि निष्पक्ष रुपमा समाचार सम्प्रेषण गरी जनतामाझ पस्कन उहाँले आग्रह गर्नुभयो । गण्डकी प्रदेशसभाका उपसभामुख विनाकुमारी थापाले सञ्चारकर्मीको कलमले समाजलाई मात्र नभएर जनप्रतिनिधिलाई सही बाटोमा हिँड्न प्रेरित गर्ने बताउनुभयो । संसदीय पत्रकारहरुले प्रदेशसभाको समाचार लेख्दा कसैप्रति पूर्वाग्रही नरहेर सत्यतथ्य समाचार बाहिर ल्याउन आग्रह गर्नुभयो । गण्डकी प्रदेशसभाका सचिव हरिराज पोखरेलले पत्रकारिता अत्यन्तै संवेदनशील विषय भएकाले कसैका विषयमा समाचार लेख्दा सचेत हुन सुझाव दिनुभंयो । संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका निर्वाचन समितिका संयोजक रमेश पौडेलले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सपथ खुवाउनुभएको थियो । दुई वर्षका लागि विशन क्षेत्रीको अध्यक्षतामा ११ सदस्यीय संसदीय पत्रकार मञ्च गण्डकी यसअघि निर्वाचित भएको थियो ।

# नागरिक सुनवाई कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

जिल्ला प्रहरी कार्यालय कास्कीको आयोजना तथा वडा प्रहरी कार्यालय रामबजार कास्की र सामुदायिक प्रहरी सेवा केन्द्र माटेपानीको सहकार्यमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १२ माटेपानी स्थित एसआर केसी क्याटरिङको सभा हलमा यस कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्याम बाबु ओलीयाको प्रमुख आतिथ्यतामा नागरिक सुनुवाई एवंम अन्तरक्रिय कार्यक्रम सम्पन्न गरिएको ।

कार्यक्रममा स्थानिय भद्रभालद्मी, बुद्धिजिवी, समाजसेवी, स्थानिय आमा समूह, क्लबका पदाधिकारीहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा



उठेका जिज्ञाशाहरुको सम्बोधन प्रहरी उपरीक्षक श्याम बाबु ओलियाले गर्नु भएको थियो । साथै यस कार्यक्रमको सञ्चालन यसै सस्थाको सचिव बाबुराम सापकोटाले गर्नु भएको थियो भने स्वागत मन्तव्य वडा प्रहरी कार्यालय रामबजार कास्कीका प्रमुख प्रहरी निरीक्षक तेज प्रसाद कँडेल ले गर्नु भएको थियो ।









फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# किन दुख्छ बच्चालाई पेट ?

डा विनिता गुरुवाचार्य



बच्चाहरुको पेट दुखाइ हरेक आमाबुबाको चिन्ताको कारण बनेको हुन्छ । बच्चाको पेट दुखाइलाई हामी तीन भागमा विभाजन गर्न सक्छौं । एउटा सामान्य खालको दुखाइ हो, जसको निदान पनि छिटो हुन्छ। दोस्रो खालको समस्यामा इमर्जेन्सी रुपमा अस्पताल पुऱ्याउनुपर्ने हुन्छ भने तेस्रो खालको समस्या दीर्घकालीन हुन्छन्, जसका लागि लामो समय औषधि सेवन गर्नुपर्ने हुन्छ ।

बालबालिकाहरुमा पनि नवजात शिशु तथा १ देखि ३ वर्षका र स्कुल जाने उमेरका बच्चाहरुमा देखिने लक्षणलाई फरक रुपमा हेर्न सकिन्छ ।

नवजात शिशुहरुमा पाचन प्रणालीको राम्रोसँग विकास भएको हुँदैन, जसले गर्दा मांसपेशीको राम्रोसँग समन्वय भएको हुँदैन र आन्द्राहरुमा मसल्स स्माजम (Muscles Smasm) भइरहेको हुन्छ । त्यसबाहेक पेटमा धेरै ग्यास बन्दा पनि बच्चालाई पेट दुख्ने हुन्छ । बच्चाले स्तनपान गर्दा स्तनको मुन्टो (निप्पल) मात्र चुसिरहेको छ भने ग्यास बढी गएर पेट दुख्ने हुन्छ । त्योबाहेक वातावरण परिवर्तन भएको (धेरै जाडो या धेरै गर्मी), घरमा धेरै भीडभाड तथा बढी हल्ला भएको अवस्थामा पनि बच्चाले रोएर प्रतिक्रिया दिन सक्छन् । साँझमा रुन्छन् भने काँधमा लिएर मसाज गरिदिँदा ग्यास निस्कन्छ र उनीहरुलाई सञ्चो हुन्छ ।

यस्तै, १ देखि ३ वर्षका र स्कुल जाने उमेरका बालबालिकामा पेटको संक्रमण भयो भने पनि पेट दुख्छ । खासगरी यस्तो संक्रमण 'एच पाइलोरी' भन्ने किटाणुले हुन्छ । यसबाहेक चिल्लो, पिरो, बाहिरको जंकफुड तथा रंगयुक्त खाना खाँदा र दुखाइ कम गर्ने औषधि खाँदा पनि ग्यास्ट्राइटिस हुन्छ र पेट दुख्छ । बच्चालाई बढी हुने समस्या कब्जियत पनि हो । नियमित शौचालय जाने बानी नभएको, दिसा रोकेर राख्ने बालबालिकामा कब्जियत हुन्छ । सामान्यतः हप्तामा तीन पटकभन्दा कम दिसा भएको, दिसा कडा या सुख्खा भएको अवस्थालाई कब्जियत मानिन्छ । धेरैजस्तो बच्चामा गेम खेलेर बसेको अवस्थामा, वातावरण परिवर्तन भएमा या नयाँ ठाउँमा जाँदा दिसा रोकेर राख्ने बानीले पनि कब्जियत भइरहेको हुन्छ । यस्तै, जंकफुड बढी खाने, दूध बढी सेवन गर्ने र सागसब्जी कम खानेमा पनि कब्जियत देखापर्छ ।

त्यसैले चौबिस घण्टाभन्दा बढी समयसम्म पेट दुखेको छ, दुखाईले निद्रा बिग्रेको छ, ज्वरो आएको छ, पानीको कमी महसुस भएको छ, केही खाइरहेको छैन, बान्ता भएको छ या रगत मिसिएको बान्ता गरेको छ भने अस्पताल लैजानुपर्छ। यसबाहेक दुखाइसँगै बच्च्चाले राम्रोसँग खाइरहेको छैन, तौल घटेको छ, मस्तिष्कको राम्रोसँग विकास भइरहको छैन भने अस्पताल लैजानुपर्छ । यस्तै बच्चाहरुमा ग्लुटेन एलर्जी पनि हुन्छ । यो भनेको, गहुँ–जौमा हुने ग्लेटन अर्थात् प्रोटिन खाँदा एलर्जी भएर पेट दुख्ने हो। सँगै, दिसा पातलो हुने र तौल नबढ्ने हुन्छ । बच्चालाई प्रायजस्तो ६ महिनापछि ठोस खाना खुवाइन्छ । गहुँ मिसिएको खाना खुवाइएको छ भने यस्तो लक्षण देखा पर्न सक्छ ।

बालबालिकालाई हुने अर्को समस्या 'इन्फ्लेमेट्री बाउल डिजिज' पनि हो । यो शरीरको प्रतिरोधी प्रणालीले आन्द्राविरुद्ध प्रतिरोधी प्रणाली बनाउने र आन्द्रालाई आक्रमण गर्ने अवस्था हो । सानो र ठूलो दुवै आन्द्रा सुन्निएको हुने यो अवस्थामा पेट दुखाइसँगै दिसामा रगत जाने, ऱ्यालजस्तो दिसा जाने, तौल नबढ्ने, रगतको कमी हुनेजस्ता लक्षण देखापर्छ । यस्तो समस्या देखिँदा पनि अस्पताल जानुपर्छ ।

(डा. विनिता नर्भिक अस्पतालका कन्सल्ट्यान्ट पेडियाट्रिक ग्यास्ट्रोइन्टेरोलोजिस्ट हुनुहुन्छ।)

# झाडी फाँडेर घाँस खेती, घरघरमा बाख्रापालन

पोखरापत्र संवाददाता
बागलुङ, ९ साउन



यहाँको बागलुङ नगरपालिका–५ मालिकामा पर्ने साँधखोला गाउँको नजिक प्रसस्तै जङ्गल छ । यसक्षेत्रमा परापूर्वकालदेखि पशुपालन हुँदै आएको थियो ।

अघिल्ला पुस्ताले गुजारा चलाउन पशुपालन गर्दै आएका थिए भने हाल आमाहरूले पशुपालनलाई आम्दानीको स्रोत बनाएका छन् । उनीहरूले बाख्रापालनबाटै घर खर्च र बालबच्चा पढाउने खर्च जुटाउन थालेका हुन् । बागलुङ नगरपालिका, हेफर इन्टरनेसनल र गाजा डेभलपमेण्ट फाउण्डेसन नामक संस्थाले यहाँका आमाहरूलाई बाख्रापालनसम्बन्धी सीप र बीउ पुँजी उपलब्ध गराएको छ । वडा कार्यालयले त्यसको परिचालन र आवश्यक आहारमा सहयोग गरेको छ । साँधखोलास्थित प्रगतिशील महिला समूहमा आबद्ध २६ जना आमाहरूको गोठमा अहिले बाख्राका पाठाहरू हुर्किरहेका छन् । "हामीले बाख्रा त धेरै पहिलेबाट पाल्दै आएका हौं, अहिले तालिम पाएपछि व्यवस्थित बाख्रापालन सुरु गरेका छौं", समूहकी अध्यक्ष कोपिला किसानले भन्नुभयो, "बाख्राबाट आम्दानी गर्ने भनेर हामी मिलेर लागेका छौं ।" अघिल्लो वर्ष उपलब्ध गराएको बाख्राले आम्दानी दिन थालेपछि यस वर्ष बाख्राका पाठा उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

बाख्रापालनमा आबद्ध समूहका आमाहरूले उपयुक्त घाँसको प्रबन्ध गर्न नजिकैको सामुदायिक वनमा घाँसखेती गर्न थालेका छन् । साँधखोला नजिकैको ७० रोपनी सामुदायिक वन क्षेत्रमा झाडी फाँडेर घाँसखेती सुरुआत गरिएको वडा अध्यक्ष हरिप्रसाद शर्माले बताउनुभयो । "चिसो र मलिलो ठाउँ भएकाले हिउँद बर्खा घाँसको खाँचो नहोस् भनेर उन्नत घाँसका बिरुवा लगाइएको छ", उहाँले भन्नुभयो, "७० रोपनी क्षेत्रफल २७ जनालाई भाग लगाएर आफ्नो भागमा घाँसको विकास गर्न भनेका छौं ।" ऐँसेलु फल्ने पाखोमा अब घाँस रोप्ने अभियान थालिएको समूहकी सदस्य बाटुली किसानले बताउनुभयो । उहाँले वनमारा मासेर घाँसका बिरुवा हुर्किंदा हरेक गोठमा बाह्रै महिना घाँस पुग्ने बताउनुभयो । आँठो छुटाएर पाखामा बिरुवा लगाउने काम भएकाले आफ्नै बारीको जस्तै घाँसको सुरक्षा गरिने उहाँले बताउनुभयो । बाख्रा र खोरमा सहयोग गरेको कार्यक्रमले घाँस लगाउन पनि सिकाएपछि महिलाहरू प्रफुल्लित छन् । समूहले किम्बु, सुपर नेपियर, खन्युलगायतका घाँसका बिरुवा रोपेका छन् ।

# धौलागिरि आधार शिविर जाने पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ९ साउन

यहाँको धौलागिरि गाउँपालिका–४ मुदीस्थित संसारको सातौँ (८,१६७ मिटर) अग्लो धौलागिरि हिमालको आधार शिविर जाने पदमार्ग निर्माण गरिएको छ ।

गत आर्थिक वर्ष २०८१/०८२ मा सङ्घीय सरकारबाट प्राप्त रु ५४ लाख बजेटबाट गाउँपालिकाले मुदीस्थित इटाली आधार शिविरदेखि स्वीस क्याम्प हुँदै जापनिज क्याम्प क्षेत्रमा पदमार्ग निर्माण गरेको हो । विनियोजित बजेट रु ४९ लाख तथा समुदायको रु पाँच लाख बराबरको श्रमदानबाट करिब साढे छ किलोमिटर पदमार्ग निर्माण गरिएको धौलागिरि हिमाल आरोहण पदमार्ग निर्माण उपभोक्ता समितिका सचिव कुलबहादुर घर्तीले जानकारी दिनुभयो । उहाँका अनुसार, सबैभन्दा जोखिमपूर्ण क्षेत्रमा पदमार्ग निर्माण गरिएको हो । पदमार्गसँगै दुई वटा काठे पुल र दुई वटा चौतारा समेत निर्माण गरिएको छ । पदमार्गमा भ्रमणमा आउने पर्यटकको सहजताका लागि चार ठाउँमा सूचना बोर्ड र पाँच ठाउँमा सङ्केत बोर्ड राखिएको सचिव घर्तीले जानकारी दिनुभयो । आरोहण, धौलागिरिको फन्को मार्न र आधार शिविरसम्म पदयात्राका लागि आउने पर्यटकको सुविधाका लागि पदमार्ग, पुललगायतका पूर्वाधार निर्माण गरिएका हुन् । करिब एक किलोमिटर ढुङ्गाको सिँढी निर्माण गरिएको गाउँपालिकाका सवइञ्जिनियर जनक धानुकले जानकारी दिनुभयो । "अप्ठेरो र साँघुरो घोरेटो बाटोलाई फराकिलो बनाइएको छ, स्वीसदेखि जापनिज क्याम्प क्षेत्रमा ग्लेसियरको कारण कठिन मानिएको ठाउँमा पदमार्ग बनाइएको छ, पुरानो जीर्ण पदमार्गलाई सुधार गरेपछि पर्यटक आवतजावत गर्न सजिलो भएको छ", उहाँले भन्नुभयो । धौलागिरि पदमार्गअन्तर्गत दोभानमा बाढीले भत्किएको पदमार्ग समेत पुनर्निर्माण गरिएको छभने चौरवनको फेदीमा पदमार्ग निर्माण गरिएको छ । यस पदमार्गअन्तर्गत इटाली आधार शिविरदेखि छेउवन जोड्ने म्याग्दी खोला, तलेत्रेखोला, कैँचीभिरे खोला लगायत आधा दर्जन बढी स्थानमा झोलुङ्गे पुलको अभाव छ । यस पदमार्गअन्तर्गत भिर र जङ्गलको जोखिमपूर्ण बाटोलाई फराकिलो बनाएर सुरक्षित र स्तरीय बनाउने कामलाई प्राथमिकतामा राखिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । उहाँले गउँपालिकाले पर्यटन पूर्वाधार निर्माण र प्रचारप्रसारलाई जोड दिएको बताउँदै यस वर्ष एक वडा एक पर्यटकीय क्षेत्रको विकासमा गाउँपालिकाले अभियान सञ्चालन गर्ने जानकारी दिनुभयो ।

# स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियान

पोखरापत्र संवाददाता
वालिङ, ९ साउन



स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियानअन्तर्गत २७ वटा रिचार्ज पोखरी निर्माण भएका छन् । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ देखि सुरु गरेको अभियानलाई कार्यान्वयन गर्दै जिल्लाका विभिन्न सामुदायिक वनमा २७ वटा रिचार्ज पोखरी निर्माण भएका हुन् ।

पछिल्ला चार आर्थिक वर्षमा जिल्लास्थित सामुदायिक वनमा पोखरी निर्माणलाई अभियानका रूपमा अगाडि बढाइएको जिल्लास्थित डिभिजन वन कार्यालयका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८१/८२ मा तीन, आव २०८०/८१ मा १२, आव २०७९/८० मा आठ र आव २०७८/७९ मा चार वटा रिचार्ज पोखरी निर्माण गरिएको हो । "एक सामुदायिक वन, एक पोखरी' अभियान लागू भएसँगै हालसम्म २७ सामुदायिक वनमा २७ वटा पोखरी निर्माण गरेका छौँ", पराजुलीले भन्नुभयो, "आगामी दिनमा पनि अन्य सामुदायिक वनमा यस्तै प्रकृतिका रिचार्ज पोखरी निर्माणलाई निरन्तरता दिँदै जानेछौँ ।" पछिल्ला केही वर्षयता खोला खोल्सीमा पानीका मुहान सुक्दै गएकाले वनको बीच तथा माथिल्लो भागमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रमा पानीका मूल फुट्ने, पानीको स्रोत बढ्ने भएकाले यसलाई अभियानका रूपमा सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

वन जङ्गलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जङ्गलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्त्व राख्ने उहाँको दाबी छ । "कतिपय ठाउँमा सडक निर्माण गर्ने कार्यले पानीका स्रोतहरू हराउँदै गएका छन्", वन अधिकृत पराजुलीले भन्नुभयो, "माथिल्लो भागमा रिचार्ज पोखरी हुँदा तल्लो तटीय क्षेत्रमा पानीका स्रोत दिगो हुने, वन्यजन्तु तथा चरनका लागि लगिएका पशुचौपायालाई पानी खुवाउन सहज हुने र आवश्यक परेको खण्डमा सिँचाइका लागि पनि प्रयोग गर्न सकिन्छ ।" पोखरीको चारैतिर वा आवश्यकता अनुसार पक्की पर्खाल लगाइएको छ भने तल्लो जमिनलाई पुरानै अवस्थामा छोड्ने गरिएको उहाँको भनाइ छ । वनमा निर्माण गरिएका पोखरी बहुउपयोगी रहेका फेदीखोला गाउँपालिका- ४ स्थित कुचेको मुहान सामुदायिक वनका पोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष उमाकान्त सुवेदीले बताउनुभयो ।

"वनमा निर्माण गरिएका पोखरीलाई उपभोक्ताले बहुउपयोगी तरिकाले प्रयोग गरिरहेका छौँ", उहाँले भन्नुभयो, "रिचार्ज पोखरीभन्दा तल्लो भागमा पानीको मुहान जोगाइराख्न सहयोग पुग्ने, पशुचौपायालाई खुवाउन, सिँचाइका लागि प्रयोग गर्दै आएका छौँ । वन्यजन्तुले पनि यही पोखरीको पानी खान सक्नेगरी निर्माण गरेका हौँ ।" पोखरी निर्माणसँगै वन क्षेत्र मनमोहक र सुन्दर देखिन थालेको सुवेदीले बताउनुभयो । डिभिजन वन कार्यालय स्याङ्जाले प्रतिपोखरी निर्माणका लागि रु एक लाख उपलब्ध गराएको थियो ।

# इरानको जेलमा रहेका नेपाली थुनामुक्त भइ स्वदेश फिर्ता

रासस
काठमाडौं, ९ साउन

इरानको जेलमा रहेका पाँच नेपाली परराष्ट्र मन्त्रालयलको पहलमा नागरिक थुनामुक्त भइ स्वदेश फर्कनुभएको छ । उहाँहरुलाई त्यहाँको अदालतले थुनामुक्त गर्ने आदेश दिएपश्चात तेहरानस्थित नेपाली अवैतनिक वाणिज्यदूत र अन्तरराष्ट्रिय आप्रवासन सङ्गठनको सहयोगमा बिहीबार काठमाडौँ ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्तिमार्फत यस प्रक्रियामा सहयोग, सक्रियता तथा सदाशयता प्रदर्शन गर्नुहुने भारत सरकार, इरान सरकारका सम्बन्धित निकाय तथा अधिकारीहरु, तेहरानस्थित नेपाली अवैतनिक वाणिज्यदूत र अन्तरराष्ट्रिय आप्रवासन सङ्गठनप्रति धन्यवाद ज्ञापन गरेको छ । इजरायल र इरानबीच गत जुन १३ देखि सुरु भएको द्वन्द्व जुन २३ का दिन दुवै पक्षबीच युद्धविराम भए पश्चात शान्ति सुरक्षाको स्थिति क्रमशः सहज हुँदै गएकाले जनजीवन सामान्यतर्फ उन्मुख छ । उक्त अवधिभित्र दुवै मुलुकमा रहेका नेपालीहरुको हकहित र सुरक्षालाई मध्यनजर गर्दै मन्त्रालयले यात्रासम्बन्धी सुझाव र सूचना जारी गरेको थियो । साथै आवश्यक परेको बखत आपतकालीन उद्धारका लागि विवरण सङ्कलन गरिएको थियो ।

द्वन्द्वको अवधिमै नेपाल सरकारले भारत सरकारलाई गरेको अनुरोधलाई सम्मान गर्दै 'अपरेसन सिन्धु' अन्तर्गत भारतीय नागरिकहरुलाई उद्धार गर्न गएको भारतीय विमान सेवाको उडानबाट विभिन्न मितिमा तीन चरणमा नौ जना नेपाली नागरिकलाई यसअघि नै इरानबाट उद्धार गरी भारत हुँदै निजहरु सबै जना स्थलमार्गबाट सकुशल आआफ्नो घर फिर्ता भईसक्नु भएको छ ।

# सामाजिक विकास कार्यालय म्याग्दीद्वारा ८४ वटा योजना कार्यान्वयन

पोखरापत्र संवाददाता
म्याग्दी, ८ साउन

सामाजिक विकास कार्यालय म्याग्दीले गत आर्थिक वर्ष २०८१/८२ मा ८४ वटा योजना तथा कार्यक्रम कार्यान्वयन गरेको छ । गण्डकी प्रदेश सरकारले कार्यालयलाई बजेट विनियोजन गरी पठाएको ८८ मध्ये ८४ वटा योजना र कार्यक्रम कार्यान्वयन भएका हुन् ।

कार्यालयका प्रमुख तारानाथ सुवेदीले ३८ वटा कार्यक्रममध्ये एउटा कार्यान्वयन नभएको बताउँदै पुँजीगतका २७ मध्ये २४ वटा योजना कार्यान्वयन भएका जानकारी दिनुभयो । "विद्यालय पूर्वाधार र शिक्षासम्बन्धी चालुतर्फका २३ मध्ये सबै कार्यक्रम सम्पन्न भएका छन्", उहाँले भन्नुभयो, "कुल रु चार करोड ८० लाखमध्ये रु तीन करोड ९४ लाख ६३ हजार खर्च भएको छ ।" पुँजीगत शीर्षकमा रु एक करोड ४२ लाख २९ हजार विनियोजन भएकामा रु एक करोड १४ लाख २५ हजार र चालुतर्फ रु तीन करोड ३८ लाख २५ हजार विनियोजन भएकामा रु दुई करोड ८० लाख ३८ हजार खर्च भएको प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

अन्नपूर्ण गाउँपालिका–५ को शिख र धवलागिरि गाउँपालिका–७ को हेम नमूना आवासीय माविमा सञ्चालित आवासीय विद्यालयको छात्रावास भवनमा पूर्वाधार निर्माणका लागि रु आठ/आठ लाख अनुदान दिइएको छ । दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच बढाउन आवासीय विद्यालय सञ्चालनका लागि आवासीय विद्यालय सञ्चालन भएको उहाँले बताउनुभयो ।

कार्यालयमार्फत खेलमैदान, सामुदायिक भवन, विद्यालय पूर्वाधार, धार्मिक स्थलहरूको संरक्षणसम्बन्धी योजना, बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, एकल महिला, दलित समुदायको सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

यस वर्षका योजनामार्फत खेलमैदान, विद्यालय भवन मर्मत, घेराबार, सामुदायिक भवन, मन्दिर निर्माण भएका छन् । किशोरीको आत्मरक्षा, बालमैत्री स्थानीय शासन प्रवर्द्धन, उद्यमीलाई अनुदान, महिलाका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन, ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्नेलगायत कार्यक्रम सञ्चालन गरिएको कार्यालय प्रमुख सुवेदीले बताउनुभयो ।

विसं २०८१ मङ्सिरदेखि फागुन तेस्रो सातासम्म कार्यालयविहीन बनेको सामाजिक विकास कार्यालयका कर्मचारीले तीन महिनासम्म तलबसमेत खान पाएका थिएनन् । गत फागुन अन्तिम साता आएका कार्यालय प्रमुख सुवेदीले छोटो अवधिमा उपलब्ध जनशक्ति परिचालन गरी जनप्रतिनिधिहरूसँग समन्वय गरेर योजना तथा कार्यक्रम कार्यान्वयन गरिरहनुभएको हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पुनर्निर्माण हुँदै भानु घाँसी पार्क

**पोखरापत्र संवाददाता**
दमौली, ९ साउन

मुग्लिन-पोखरा सडक विस्तारका कारण चेपुवामा परेको भानु घाँसी पार्क पुनर्निर्माण गरिने भएको छ। तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवामा अवस्थित उक्त पार्क मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)ले पुनर्निर्माण गरिदिन लागेको हो।

सडक मापदण्डभित्र परेका कारण विस्तार हुँदा विस्थापित भएको उक्त पार्क पुनर्निर्माणका लागि सडक योजनाकै सहयोगमा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भएको छ। भानु घाँसी स्मारक संरक्षण समितिका उपाध्यक्ष गोपाल सुर्खालीले राष्ट्रिय विभूति भानुभक्त आचार्यको सम्मानमा निर्माण भएको पार्कलाई थप आकर्षित बनाउन डिपिआर निर्माण भइसकेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "राजमार्ग विस्तारका क्रममा पार्कको अस्तित्व नै मेटियो । अब यहीँ ठाउँमा आकर्षक पार्क बनाउनका लागि सडक आयोजनाले सघाउनेछ।"

पार्क निर्माणका लागि रु तीन करोड ५३ लाखमा डिपिआर तयार भएको र स्वीकृतिका लागि एसियाली विकास बैंक (एडिबी) मा पठाएको उहाँले बताउनुभयो।

एडिबीबाट स्वीकृत भएर आउनेबित्तिकै पार्क निर्माणको काम अगाडि बढाइने सुर्खालीले जानकारी दिनुभयो । सडक विस्तारकै क्रममा पार्कलाई संरक्षण गरी काम गर्न आग्रह गरिए पनि त्यतिबेला मापदण्डका कारण पार्क जोगाउन नसकिएको सुर्खालीको भनाइ छ । हाल यहाँ भानुभक्त आचार्य र घाँसी कुवाको पुरानो सालिक छ । पुनर्निर्माणपश्चात त्यसलाई पनि आकर्षक बनाइनेछ । पार्कभित्र शौचालय, स्थानीय उत्पादन बिक्री गर्ने स्थल पनि यहाँ बनाइनेछ।

सडक विस्तारपछि पार्क विस्थापित हुँदा राजमार्ग भएर यात्रा गर्ने पर्यटक यहाँ आउन कमी भएको छ। अहिले पार्क व्यवस्थित नभएकाले पहिलाको तुलनामा सङ्ख्या कमी छ। पार्क व्यवस्थित भएपछि यस ठाउँ पर्यटकको रोजाइमा पर्ने उहाँको विश्वास छ । मुग्लिन-पोखरा सडक विस्तार (पूर्वी खण्ड)का परामर्शदाताका इञ्जिनियर मन्दीप श्रेष्ठले निभा कन्सल्टेन्सीमार्फत डिपिआर तयार भएको जानकारी दिनुभयो । यहाँ सार्वजनिक शौचालय, पार्किङस्थल, स्थानीय उत्पादन बिक्रीका लागि बिक्रीस्थल, नेपालको झण्डा, आकर्षक प्रवेशद्वार, आदिकवि भानुभक्त आचार्यको तीन मिटरको अर्धकदको सालिक, मोतीराम भट्टको अर्धकदको सालिक, पैदलमार्ग, बुल्दी किनारसम्म पुग्नका लागि पहुँचमार्ग पनि निर्माण गरिने श्रेष्ठले बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले भानु घाँसी पार्कलाई सांस्कृतिक केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो। न्यौपानेले भन्नुभयो, "यस ठाउँ ऐतिहासिक तनहुँसुर जाने प्रवेशद्वार पनि हो । यसलाई नगरभित्रका धार्मिक तथा सांस्कृतिक ठाउँहरूको प्रचारप्रसार गर्ने सूचना केन्द्रका रूपमा विकास गर्नुपर्छ।"

सदरमुकाम दमौलीबाट पाँच किलोमिटर दूरीमा अवस्थित घाँसी कुवामा भानु घाँसी पार्क छ । यसअगाडि पार्क नजिक स-साना टहरामा व्यापारिक पसल सञ्चालन हुँदा यहाँ चहलपहल बढी हुन्थ्यो, तर सडक विस्तारसँगै संरचना भत्किएपछि यहाँ पहिलाको जस्तो चहलपहल छैन।

# विश्व एक्वेटिक्समा चार पौडी खेलाडी

**रासस**
काठमाडौं, ९ साउन

सिङ्गापुरमा आयोजना हुने विश्व एक्वेटिक्स च्याम्पियनसिपमा नेपालबाट चार पौडी खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। त्यसका लागि खेलाडीसहित ६ सदस्यीय नेपाली टोली आज राति ११:०० बजे त्यसतर्फ प्रस्थान गर्दैछन्।

प्रतियोगितमा समान २-२ पुरुष/महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । चारै खेलाडीले समान २-२ स्पर्धामा भाग लिने छन्। पुरुषतर्फ इर्भिन श्रेष्ठले एकसय र दुई सय मिटर फ्रिस्टायल तथा अजलकाजी ताम्राकारले ५० मिटर फ्रिस्टायल र ५० मिटर बटरफ्लाइमा प्रतिस्पर्धा गर्ने छन् । महिलामा ओलम्पियन डुवाना लामाले २ सय मिटर फ्रिस्टायल र १ सय मिटर ब्रेस्टस्ट्रोक तथा आर्या महर्जनले ५० र एकसय मिटर फ्रिस्टायलमा सहभागिता जनाउने छन्। व्यवस्थापकमा नेपाल पौडी सङ्घका सदस्य विकास शर्मा तथा प्रशिक्षकमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पौडी मुख्य प्रशिक्षक शंकर कार्की रहेका छन्।

# म्याग्दीमा ३५ हजार मेट्रिक टन आलु उत्पादन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ साउन



म्याग्दीमा यस वर्ष अघिल्लो वर्षको तुलनामा आलु बालीको उत्पादन नौ प्रतिशतले बढेको छ। एक हजार ८२० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिक टनका दरले ३५ हजार मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

क्षेत्रफल विस्तार, अनुकूल मौसम, रोग र कीराको समस्या नदेखिएकाले आलुको उत्पादन बढेको केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ म एक हजार ७५० हेक्टरमा जिल्लामा ३१ हजार ४५० मेट्रिक टन आलु उत्पादन भएको थियो । केन्द्रका अनुसार म्याग्दीबाट वार्षिक रु १० करोड मूल्यबराबरको आलु पोखरा, काठमाडौंलगायत बजारमा बिक्री हुने गर्छ। सरदर प्रतिकेजी रु ४० देखि ४५ का दरले बारीबाटै आलुको व्यापार भएको छ । नियमित वर्षा भएकाले सिँचाइ, मौसम अनुकूल र रोग कीरा नदेखिएकाले उत्पादन बढेको अन्नपूर्ण गाउँपालिका-७ का वुद्धिवीर पुनले बताउनुभयो । उहाँका अनुसार लेकाली क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु स्वादिलो र पोषिलो हुने भएकाले जिल्ला बाहिरबाट अत्यधिक मात्रामा माग आउने गरेको छ। अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलुले बजार पाउन थालेको हो । गत वर्षमा एक हजार तीन सय रोपनीमा सञ्चालन भएको खायन आलु प्रवर्द्धन कार्यक्रममार्फत एक हजार ८५ मेट्रिक टन उत्पादन भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो । कार्यक्रममार्फत तीनवटा सहकारी र २७ समूहलाई बीउ, यान्त्रिकीकरण, सिँचाइ पूर्वाधार, प्याकेजिङ र ढुवानीका लागि रु ८७ लाख ६४ हजार अनुदान उपलब्ध गराएको केन्द्रले जनाएको छ । म्याग्दीमा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिकाको वडा नं ९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ।

# स्याङ्‌जामा ऐतिहासिक महत्वका चौतारो संरक्षण

**पोखरापत्र संवाददाता**
वालिङ, ९ साउन

स्याङ्जामा गत आर्थिक वर्ष २०८१/८२ मा तीन हजार ६५३ मिटर पदमार्ग निर्माण भएको छ।

गण्डकी प्रदेशबाट विनियोजन भई पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाबाट कार्यान्वयन आएका स्याङ्जाका नौ वटा योजनामा तीन हजार ६५३ मिटर पदमार्ग निर्माण भएको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाका प्रमुख नारायणप्रसाद ढकालले बताउनुभयो । जिल्लाका विभिन्न भागमा पदमार्गकामात्रै नौ योजना निर्माण भएका हुन्।

"जिल्लाका धार्मिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय महत्वका स्थलसम्म पुग्नकालागि सहज पहुँच मार्ग निर्माण गर्ने गरी कार्यान्वयन भएका नौ वटा पदमार्गका मात्रै थिए" उहाँले भन्नुभयो, "विनियोजित बजेटका आधारमा लागतका आधारमा साढे तीन किमी बढी पदमार्ग निर्माण भएको हो ।" कूल असी लाख ९९ हजार ९८३ को लागतमा पदमार्ग, फलाम तथा स्टिलको रेलिङ र चौतारा निर्माण गरिएको हो।

नौ वटा योजनाहरूमध्ये कङ्क्रिट ढलान पदमार्ग दुई हजार ४६७ मिटर, छपनी ढुङ्गा लगाएको पदमार्ग एक हजार ८०३ मिटर र सुख्खा छपनी ढुङ्गाको पदमार्ग एक हजार सात मिटर रहेको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाका ईञ्जिनीयर फणिन्द्रकुमार रौनियारले बताउनुभयो। स्याङ्जामा गण्डकी प्रदेशमार्फत रकम विनियोजन भई पर्यटन तथा उद्योग कार्यालयबाट कार्यान्वयनमा आएका योजनामा पुतलीबजार-८ को कैलाश गुफा जाने पदमार्ग, आँधीखोला -६ मा निर्मित देउराली बिसौना हुँदै फापर थुम जाने पदमार्ग, आँधीखोला-३ मा ठुलो छहरा पर्यटकीय पूर्वाधार निर्माण, फेदीखोला-२ मा कमेरेखोला खहरे नुवाकोट पदमार्ग, अर्जुनचौपारी -१ मा जलबराह पञ्चकन्या ग्रामीण पर्यटकीय पूर्वाधार रहेका छन् । त्यस्तैगरी चापाकोट नगरपालिका-४ मल्याङकोट मन्दिर जाने पदमार्ग, वालिङ-९ र ११ जोड्ने सुर्कौदीदेखि पेखुसम्म पर्यटकीय पदमार्ग, गल्याङ-११ निमाघाट पदमार्ग निर्माण र कालीगण्डकी गाउँपालिका-३ र ४ जोड्ने फुस्रेखोला चण्डीथान बैघागाउँ पदमार्ग रहेका छन् । धार्मिक, ऐतिहासिक, पर्यटकीय महत्वका स्थलसम्म पुग्नकालागि पदमार्ग निर्माणसँगै सहज भएको ईञ्जिनीयर रौनियार बताउनुहुन्छ । गण्डकी प्रदेशबाट स्याङ्जामा गत आर्थिक वर्ष २०८१/८२ मा कूल ३० वटा योजना कार्यान्वयनमा रहेका थिए । जसमध्ये २९ वटा योजना निर्माण सम्पन्न भएका छन् भने एउटा योजना निर्माण नभएपछि बजेट फिर्ता भएको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाले जनाएको छ।

# बस्ती जोगाउन गेग्रान पन्छाउँदै पालिका

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ साउन

यहाँको थासाङ गाउँपालिका-२ स्थित (कोवाङ-लार्जुङ)बीच भागमा बग्ने लाङ्क्यु खोलामा जल सतह उच्च हुँदा लार्जुङ बस्तीका करिब १८ घर बाढीको उच्च जोखिममा पर्ने गरेका छन्।

धौलागिरि आइसफलको फेँदबाट बग्ने लाङ्क्यु खोलामा पानीको बाहव बढी हुँदा लार्जुङ बस्ती उच्च जोखिममा पर्ने गरेका हुन् । यस वर्षको मनसुन सरु भएदेखि हालसम्म चार पटक उक्त बस्ती बाढीपहिरोको उच्च जोखिममा परेको हो। बर्खायाममा लाङ्क्यु ठाँडो खोलाको बाहवले लार्जुङ बस्तीलाई बर्सेनि तर्साइ रहन्छ। गत १६ असार र साउन ७ गते लाङ्क्यु खोलाको बाहव उच्च भएपछि वर्षा हुँदा स्थानीय बाढी आउने सक्ने त्रासमा बस्ने गरेका छन् । ठाँडो खोलाको बाढीले बस्ती बगाइदिने चिन्ताले लार्जुङबासीको मनमा त्रासदी छाएको छ । जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, जनप्रतिनिधि, थासाङ गाउँपालिकालगायतले बस्ती बचाउने उद्देश्यले मध्यरातिसम्म खोलालाई नियन्त्रणमा लिन डोजर चलाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास परियारले जानकारी दिनुभयो । "अझै पनि लार्जुङ बस्तीको जोखिम कायम रहेकाले बुधबारदेखि खोलालाई नियन्त्रणमा लिन पालिकाले थप अग्रसरता देखाएको छ", उहाँले भन्नुभयो । कोवाङ-लार्जुङ बीचको लाङ्क्यु खोलामा बाढीसँगै ढुङ्गा, गिट्टी, बालुवा र ग्रेगान भरिँदै जान थालेपछि नदी उकास वृद्धि हुँदा बस्ती जोखिममा परेको परियारले बताउनुभयो। "लाङ्क्यु खोलाको करिब तीन सय मिटरभन्दा बढी दूरीमा नदीजन्य गेग्रान भरिँदा बस्ती उच्च जोखिममा परेको हो । मनसुन कायमै रहेकाले कुनै पनि बेला विपद्जन्य घटना हुनसक्ने भएकाले बस्ती जोगाउन पहल थालेका छौँ", उहाँले भन्नुभयो, "खोलालाई साविकको अवस्थामा बग्नदिन नदी उकास घटाउनुपर्ने भएपछि पालिकाको पहलमा खोलामा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुवा र ग्रेगान पन्छाउन सुरु गरेका हौँ।"

पालिकाले डोजर भाडामा लिएर बाढीका कारण हुनसक्ने जोखिमबाट बस्ती जोगाउन करिब तीन सय मिटर दूरीमा नदीजन्य उकास घटाएर खोलाको गहिराइ बढाउने काम गरिरहेको प्रमुख प्रशासकीय अधिकृत परियारले जानकारी दिनुभयो । उहाँले कोवाङ-लार्जुङ जोड्ने पुलबाट कालीगण्डकी नदीको दोभानसम्म दुई सय मिटर र उक्त पुलबाट माथिल्लो भागको करिब एक सय मिटर दूरीमा भरिएको ग्रेगान पन्छाउन गाउँपालिका कार्यालय प्रयासरत रहेको उल्लेख गर्नुभयो।

दुई दिनसम्ममा करिब आधा भन्दा बढी ग्रेगान पन्छाउने काम भएको जनाउँदै उहाँले अझै केहीदिन लाग्नसक्ने उल्लेख गर्नुभयो। उहाँका अनुसार लाङ्क्यु खोलामाथिको अवस्थित पुरानो झोलुङ्गे पुलका कारण बाढी आउँदा बस्ती जोखिममा पर्ने महसुस गरी उक्त पुल हटाइएको छ । नदी उकाससँगै बाढी आउँदा अवस्थित पक्की पुल माथिबाट खोला बग्ने गरेकाले उक्त पुल हटाइएको थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले जानकारी दिनुभयो । मनसुन कायम रहेकाले उक्त पुल पनि बगाउनसक्ने जोखिम रहेको बताउँदै उहाँले तत्कालका लागि सम्भावित बाढीको जोखिम न्यूनीकरण गर्न डोजर परिचालन गरेर लाङ्क्यु खोलाको सतहलाई तल झार्ने काम थालिएको जानकारी दिनुभयो।


गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८२/०१/२८

यस कार्यालयबाट मिति २०७९/०६/२७ मा कास्की जिल्ला पोखरा ०६ मा संचालन गर्ने गरि मनकामना-२, स्याङ्जा निवासी मिन माया गुरुङ को नाउँमा दर्ता भएको फर्म दर्ता नं. २३०७३/०७९/०८० को जुनास क्याफे नामक फर्मको प्रोप्राईटरले मिति २०८२/०१/२८ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



**जन्मः**
**वि.सं. १९९४/०७/०६ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८२/०३/३० गते**

**स्व. हरिकला भण्डारी**

नेपाली कांग्रेस कास्कीका उप-सभापति रामबाबु भण्डारी, शैक्षिक ब्यक्तित्व श्यामबावु भण्डारी र नेपाली कांग्रेस गण्डकी प्रदेश सदस्य दयाराज भण्डारीको ममतामयी माता समाजसेवी **हरिकला भण्डारी**को असामयिक निधनको खवरले हामी मर्माहत एवम् स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ। जय नेपाल।

**किशोरदत्त बराल**
**सभापति एवम्**
**नेपाली कांग्रेस कास्की परिवार**